# काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड

बाबुराम आचार्य सडक, काठमाडौं महानगरपालिका-९ (सिनामंगल), काठमाडौं
चाँगुनारायण नगरपालिका (दुवाकोट), भक्तपुर
(काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन तथा नेपाल मेडिकल काउन्सिल र श्रीलंका मेडिकल काउन्सिलद्वारा मान्यता प्राप्त)


पत्र संख्या: मिति:..............................

## प्रेस विज्ञप्ति

मिति -: २०८१।०५।१०

**विषय-** **<u>के.एम.सी.दुवाकोट अस्पतालमा विरामीहरूको नि:शुल्क उपचार सम्बन्धमा ।</u>**

काठमाडौं मेडिकल कलेज़ पब्लिक लिमिटेडले सामाजिक उत्तरदायित्व वहन गर्दै विभिन्न परिस्थितिमा अशक्त तथा घाइते विरामीहरुको नि:शुल्क स्वास्थ्य उपचार सेवा उपलब्ध गराउँदै आएको सर्वविदितै छ । आज बिहान आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङ्ग लगायतका जिल्लाहरुका प्रभावित घाइते विरामी नागरिकहरुका बारेमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यो विषम परिस्थितिमा मानवीय समवेदनालाई मध्यनजर गर्दै उक्त बाढीमा परी घाइते विरामीहरुको स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन **काठमाडौं मेडिकल कलेज अन्तर्गतको दुवाकोट भक्तपुर स्थित** अस्पतालले नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाएको सम्बन्धित सबैमा जानकारी गराउँछौं ।

उक्त बाढीमा प्रभावित भएका विरामीहरुलाई **काठमाडौं मेडिकल कलेज दुवाकोट भक्तपुरमा** आई नि:शुल्क उपचार सेवा लिन तथा उपचारका लागि आउने विरामीहरुलाई सहज रुपमा अस्पतालसम्म पुऱ्याउन सहयोग गरिदिनु हुन सबै सचेत नागरिक, संघसंस्था तथा सहयोगी महानुभावहरु समक्ष हार्दिक अनुरोध पनि गर्दछौं । यस सेवा सम्वन्धि जानकारी लिनु परेमा हाम्रा अस्पतालका प्रतिनिधीहरुको निम्न उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गर्न हुन अनुरोध गर्दछौ ।

**सम्पर्क नम्बरहरु: ९८०२३९४४७९, ९७०००९८८९०, ९८०२३३५१०८ र ९७०००४३७२१**

(**नोट** -औषधि तथा औषधिजन्य सामग्रीबाहेक अस्पतालमा उपलब्ध सम्पूर्ण उपचार सेवा नि:शुल्क हुनेछ ।)

**नारायण प्रसाद दाहाल**

**प्रशासन प्रमुख**



CamScanner